# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




Volume 17, Issue 8 No. 104 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Falgun 2074 (March-2018)

# कम्पनीको चौधौं वार्षिकोत्सव सम्पन्न




नेपाल टेलिकमको चौधौं वार्षिकोत्सव विविध कार्यक्रमको आयोजना गरी गत माघ २२ गते सम्पन्न भएको छ। कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा सूचना तथा सञ्चार मन्त्री मोहन बहादुर बस्नेतले नेपाल टेलिकम देशकै पुरानो र ऐतिहासिक कम्पनी भएकाले देशका विभिन्न स्थानमा शिक्षा र स्वास्थ्य जस्ता नेपाली जनताको सरोकारका क्षेत्रमा समेत सहयोग गर्दै अगाडि बढिरहेको बताउनु भयो। उहाँले नेपाल टेलिकम सेवामूलक र नाफामूलक दुवै ढंगबाट अगाडि बढ्नु पर्ने बाध्यता भए पनि कम्पनीले ग्राहक गुनासो नआउने गरी गुणात्मक सेवामा ध्यान दिनु पर्ने बताउनु भयो। कम्पनीले फोरजी सेवा विस्तार र फाइबरमार्फत सेवा प्रदान गर्ने कार्य अगाडि बढाइसकेकाले आगामी दिनमा अझै उत्कृष्ट सेवा प्रदान गर्न सक्षम हुने विश्वास व्यक्त गर्नुभयो।

सूचना तथा सञ्चार राज्यमन्त्री तप्त बहादुर बिष्टले नेपालकै पहिलो दूरसञ्चार सेवाप्रदायक संस्थाको रुपमा परिचित नेपाल टेलिकमले अन्य देशमा भन्दा पनि सस्तो दरमा सेवा प्रदान गर्न सक्षम भएकोमा खुशी व्यक्त गर्दै कम्पनीमा कार्यरत दक्ष जनशक्तिका कारण नै यो सम्भव भएको बताउनु भयो।

कार्यक्रममा सूचना तथा सञ्चार मन्त्रालयका निमित्त सचिव प्रेम कुमार श्रेष्ठले कम्पनीमा रुपान्तरण भए पश्चात नेपाल टेलिकम थप जिम्मेवार र पारदर्शी भएको बताउदै सरकारी कम्पनी भएकोले विभिन्न ऐन, कानुनका कारण निर्णय प्रक्रियामा ढिलाई हुने भए तापनि कम्पनीले प्रतिस्पर्धात्मक रुपमा सेवा प्रदान गरिरहेको बताउनु भयो। अक्षरका आधारमा शुल्क लिने आकाशवाणी सेवाबाट यात्रा प्रारम्भ गरेको कम्पनी हाल स्मार्टफोनमार्फत तीव्र गतिको डाटा उपलब्ध गराउनु पर्ने समयमा आइपुगेको बताउदै उहाँले सो यात्रामा साथ दिने सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो।

(बाँकी २ पेजमा)

# टेलिकमको स्प्रिङ अफर

नेपाल टेलिकमले ग्राहकहरुका लागि स्प्रिङ अफर (Spring Offer) उपलब्ध गराएको छ। उक्त अफर गत माघ २५ देखि लागू भएको छ। अफर आगामी २०७५ बैशाख २५ गते सम्म लिन सकिने छ।

## १. अल टाइम डाटा प्याक

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा अल टाइम डाटा प्याकेज प्रयोग गर्न सकिन्छ। कम्पनीले पहिले देखि नै उपलब्ध गराएका विभिन्न प्याकेजमा १४ प्रतिशत थप बोनस डाटा उपलब्ध गराएको छ।

अब थप बोनस समेत गरी अल टाइम डाटा प्याक अन्तर्गत १० रुपैयाँमा तीन दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी २३ एमबी डाटा उपलब्ध हुने छ। त्यसैगरी २५ रुपैयाँमा सात दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ६९ एमबी डाटा उपलब्ध हुने छ। ५० रुपैयाँमा १४ दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी १४३ एमबी डाटा, १ सय रुपैयाँमा २८ दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ४५६ एमबी डाटा, २०० रुपैयाँमा २८ दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ९६९ एमबी डाटा र ३०० रुपैयाँमा २८ दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी १७१० एमबी डाटा उपलब्ध हुनेछ।

## २. नाइट डाटा प्याक

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा नाइट डाटा प्याक प्रयोग गर्न सकिन्छ। यसमा पनि पहिले भन्दा थप १४ प्रतिशत बोनस डाटा उपलब्ध हुन्छ।

नाइट डाटा प्याक अन्तर्गत अब १५ रुपैयाँमा १७१ एमबी डाटा ३ दिन सम्म प्रयोग गर्न सकिने छ। त्यसैगरी ४५ रुपैयाँमा ५७० एमबी डाटा ७ दिन सम्म र ९० रुपैयाँमा १३६८ एमबी डाटा १४ दिनसम्म चलाउन पाइने छ। यो वाहेक २०० रुपैयाँमा ३५०३ एमबी डाटा र ३०० रुपैयाँमा ७५८८ एमबी डाटा २८ दिनसम्म चलाउन पाइने छ। नाइट डाटा प्याक राती १० बजेदेखि बिहान ६ बजेसम्म चलाउन पाइने छ।

## ३. सोसियल मिडिया डाटा प्याक

सोसियल मिडिया डाटा प्याक अन्तर्गत सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएप चलाउन सकिने छ। यस अन्तर्गत १२ रुपैयाँमा ५७ एमबी डाटा ३ दिन, २५ रुपैयाँमा १२६ एमबी डाटा ७ दिन र ५० रुपैयाँमा २६३ एमबी डाटा १४ दिनका लागि उपलब्ध हुनेछ। त्यसैगरी १०० रुपैयाँमा ५७० एमबी डाटा र २०० रुपैयाँमा १२५४ एमबी डाटा २८ दिन समयावधिका लागि उपलब्ध हुनेछ।

## ४. डाटा स्ट्रिमिङ प्याक

जीएसएम प्रिपेड/पोष्टपेड मोबाइलका लागि स्ट्रिमिङ प्याक अन्तर्गत युट्युब र वाउटाइम एप्स चलाउन सकिने छ। यस अन्तर्गत ११५ रुपैयाँमा १३६८ एमबी डाटा भोल्युम प्राप्त हुनेछ। यो प्याकेज २१ दिनको अवधिसम्म प्रयोग गर्न सकिने छ। त्यसैगरी ८० रुपैयाँमा ९१२ एमबी डाटा १४ दिन अवधिका लागि र ४५ रुपैयाँमा ४५६ एमबी डाटा ७ दिन अवधिका लागि उपलब्ध हुनेछ।

(बाँकी ४ पेजमा)

(१ पेजको बाँकी)

# कम्पनीको चौधौं ...

सो अवसरमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष दिगम्बर झाले ग्राहकलाई प्रतिस्पर्धि मूल्यमा गुणस्तरीय सेवा प्राप्त होस् भन्ने प्राधिकरणको मुख्य उद्देश्य प्राप्तिमा टेलिकमले सहयोग पुऱ्याएको बताउदै केही समयमै नेपाल टेलिकम फोरजीमार्फत देशभर सेवा प्रदान गर्न सक्षम हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले कम्पनीको समग्र अवस्था बारेमा जानकारी गराउदै वार्षिकोत्सवको अवसरमा सेवाग्राहीहरुका लागि विभिन्न प्याकेज तथा छुटको घोषणा गर्नुभएको थियो । उहाँले कम्पनीको प्रगतिमा सहयोग पुग्ने सकारात्मक सुझावलाई ग्रहण गर्दै ग्राहक सेवालाई मूल मन्त्र मानेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

सो अवसरमा उहाँले मुलुकले खुला बजार नीति अवलम्वन गरे पश्चात दूरसञ्चार क्षेत्रमा तीव्र हुँदै गइरहेको प्रतिस्पर्धाको वातावरणले सिर्जना गरेका आन्तरिक र बाह्य चुनौतिहरुलाई कम्पनीले अवसरको रुपमा स्वीकार गरेको बताउँदै प्रतिस्पर्धालाई सकारात्मक रुपमा लिएर कमजोर पक्षलाई सवलिकरण गर्दै कम्पनी सफल रुपमा अगाडि बढिरहेको बताउनु भयो ।

कार्यक्रममा सूचना तथा सञ्चार मन्त्री मोहन बहादुर बस्नेत र सूचना तथा सञ्चार राज्यमन्त्री तप्त बहादुर बिष्टले 'नमस्ते क्रेडिट' सेवाको संयुक्तरुपमा सफ्ट लन्च गर्नु भएको थियो । कम्पनीको जीएसएम प्रिपेड ग्राहकहरुको ब्यालेन्स न्यून भएको अवस्थामा कल गर्दा ब्यालेन्स शून्य भई कल काटिने अवस्थामा क्रेडिटबाट अविच्छिन्न रुपमा सेवा प्रयोग गर्न सकिने छ । त्यसैगरी ब्यालेन्स शून्य अवस्थामा पनि क्रेडिटबाट सेवा प्राप्त गर्न सकिने छ । सो क्रेडिट रकम त्यसपछिको पहिलो रिचार्ज रकमबाट काटिने छ । सो क्रेडिट रकममा ग्राहकलाई अतिरिक्त शुल्क लाग्ने छैन । हाल सफ्ट लन्च मात्र गरिएको र निकट भविष्यमा यो सेवा व्यावसायिक रुपमा सञ्चालनमा ल्याइने छ ।





माननीय मन्त्री बस्नेतले वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित स्मारिका विमोचन गर्नुका साथै कम्पनीमा २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई दीर्घ सेवा पदक तथा प्रमाणपत्र वितरण गर्नुभयो ।

# बिक्रेता र ग्राहकलाई सम्मान





नेपाल टेलिकमले चौधौं वार्षिकोत्सवको अवसरमा गत आ.व. २०७३/७४ मा कम्पनीका सेवाहरुको सबैभन्दा बढी कारोबार गर्ने विक्रेताहरु र बढी बिल भुक्तानी गर्ने ग्राहकहरुलाई सम्मान गरेको छ । वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा सूचना तथा सञ्चार मन्त्री मोहन बहादुर बस्नेतले उहाँहरुलाई सम्मान गर्नुभएको थियो ।

सो अवसरमा कम्पनीका रिचार्ज सेवा तथा रिचार्ज कार्डको सबैभन्दा बढी कारोबार गर्ने थोक बिक्रेताहरुलाई सम्मान गरिएको थियो । यसरी सम्मानित हुनेहरुमा एफवान इन्टरनेसनल प्रा.लि. काठमाडौं, ग्यालेक्सी इन्टरनेसनल ट्रेड सेन्टर प्रा.लि. नेपालगञ्ज, गोल्डमाइन विजनेस ग्रुप प्रा.लि. काठमाडौं, कन्टिनेन्टल मार्केटिङ प्रा.लि. काठमाडौं, भी कार्ड कन्सर्न ललितपुर, सक्सेस युनाइटेड प्रा.लि. काठमाडौं, सनलाइट मल्टिपर्पोज प्रा.लि. काठमाडौं, टकटाइम ट्रेडिङ प्रा.लि. काठमाडौं, हारती कम्प्युटर सर्भिस प्रा.लि. काठमाडौं, पे प्वाइन्ट नेपाल प्रा.लि. काठमाडौं र इलेक्ट्रोनिक पेमेन्ट सिस्टम प्रा.लि. काठमाडौं रहेका थिए ।

यी मध्ये सबैभन्दा बढी एफवान इन्टरनेसनल प्रा.लि. काठमाडौंले ३ अर्ब २५ करोड ६३ लाख ५३ हजार रुपैयाँको कारोबार गरेको थियो ।

यसैगरी कम्पनीका विभिन्न सेवाहरु प्रयोग गरी सर्वाधिक बिल भुक्तानी गर्ने संस्थागत तथा व्यक्तिगत ग्राहकहरुलाई कदर स्वरुप सम्मान गरिएको थियो । यसरी सम्मानित हुनेमा संस्थागततर्फ जीएसएम पोष्टपेडमा सूर्य नेपाल प्रा.लि. काठमाडौं, सीडीएमए पोष्टपेडमा नव ज्योति इम्पेक्स काठमाडौं, ल्यान्डलाइनमा त्रिभुवन अन्र्तािष्ट्रय विमानस्थल कार्यालय, वाइम्याक्समा सिनो हाइड्रो कर्पोरेसन लिमिटेड ललितपुर र लिज लाइनमा सर्वोच्च अदालत काठमाडौं थिए ।

त्यसैगरी व्यक्तिगततर्फ जीएसएम पोष्टपेडमा कुलमान घिसिङ काठमाडौं, जीएसएम प्रिपेडमा पुष्प प्रसाद दुलाल काठमाडौं, सीडीएमए पोष्टपेडमा दिल बहादुर लावती मोरङ, सीडीएमए प्रिपेडमा बिदुर परियार सुनसरी र ल्यान्डलाइनमा राम प्रकाश राना कञ्चनपुर हुनुहुन्थ्यो ।काठमाडौं उपत्यकाबाहिरका व्यक्ति तथा संस्थाहरुलाई सम्बन्धित निर्देशनालयहरुबाटै सम्मान गरिएको थियो ।

## वार्षिकोत्सवको अवसरमा विभिन्न अफर

नेपाल टेलिकमले १४औं वार्षिकोत्सवको अवसरमा विभिन्न प्रमोसनल अफरहरु उपलब्ध गराएको छ । कम्पनीका जीएसएम, सीडीएमए, पीएसटीएन, एडीएसएल तथा एफटीटीएच सेवाका ग्राहकहरुलाई यस्ता अफर गत माघ २३ गतेदेखि उपलब्ध गराइएको छ ।

कम्पनीले अनलिमिटेड भ्वाइस नाइट कल अफर उपलब्ध गराएको छ । ३५ रुपैयाँमा ३ दिन सम्म कल गर्न सकिने सो अफर राती १० देखि बिहान ६ बजेसम्म प्रयोग गर्न सकिने छ ।

त्यसैगरी ५० रुपैयाँमा अल टाइम अनलिमिटेड जीएसएम डाटा प्रयोग गर्न सकिने छ । डाटा खरिद गरेको २४ घण्टासम्म यसको प्रयोग गर्न सकिने छ ।

एक रातका लागि मात्र प्रयोग गर्नका लागि अनलिमिटेड नाइट डाटा प्याक प्रयोग गर्न सकिने छ । १५ रुपैयाँमा राती १० देखि बिहान ६ बजेसम्म प्रयोग गर्न सकिने छ ।

सो डाटा प्रत्येक दिनका लागि १ जीबी उपलब्ध गराइने छ । त्यसपछि भने २५६ केबीपीएसको गतिमा चल्ने छ ।

# बागमती सफाइमा सहभागिता



नेपाल टेलिकम १४औं वार्षिकोत्सवको उपलक्ष्यमा बागमती सफाइ महाअभियानमा सहभागी भएको छ । सामाजिक उत्तरदायित्व अन्तर्गत गत माघ २० गते २४७ औं हप्ताको सफाइ महाअभियानमा सहभागी हुनुका साथै कम्पनीले बागमती सफाइ महाअभियानमा प्रयोग हुने विभिन्न सामग्रीसमेत सम्बन्धित निकायलाई उपलब्ध गराएको छ ।

उक्त अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष नरेन्द्र राज बस्नेतलाई बागमती सफाइ कार्यमा प्रयोग हुने विभिन्न सामग्रीहरु हस्तान्तरण गर्नुभयो । सफाइ अभियानमा नियमित संलग्न हुने अभियन्ताहरुका लागि १ सय जोर ट्र्याक सुट, ३ सय जोर गमबुट, ३ सय जोर ठूलो पन्जा, ५० वटा फलामे सुइरो, ५० वटा थुन्से र ५ सय वटा भन्दा बढी मास्क हस्तान्तरण गरिएको थियो ।

उक्त अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले बागमतीका साथै नेपालका सम्पूर्ण नदीहरु सफा गर्नुपर्ने आवश्यकतामा जोड दिदै यस्ता कार्यमा कम्पनीले सधै सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभयो । उहाँले फोहोरको स्रोत नै बन्द गर्नु राम्रो भएकाले यसतर्फ ध्यान दिन पनि सबैलाई आग्रह गर्नुभयो ।

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष नरेन्द्र राज बस्नेतले नेपाल टेलिकमले विगत देखि नै बागमती सफाइमा पुऱ्याउदै आएको योगदानको प्रशंसा गर्दै कम्पनीको प्रगतिको कामना गर्नुभयो ।

नेपाल टेलिकमले बागमती सफाइ अभियान शुरु भएको दोस्रो हप्ता देखि नै हरेक हप्ता समूहगत रुपमा आफ्ना ग्राहकहरुलाई सफाइ अभियानमा संलग्न हुन कम्पनीको तर्फबाट एसएमएस प्रेषित गर्दै आएको छ ।

सफाइ अभियान सुरु हुनु अघि कम्पनीमा कार्यरत कर्मचारीहरु बबरमहलस्थित दूरसञ्चार तालिम केन्द्रमा भेला भई लामबद्ध रुपमा अभियन्ताहरुको अगुवाइमा बागमती कोरिडोर हुँदै शंखमुल निकट सफाइ स्थल बागमतीमा पुगेका थिए । उक्त सफाइ अभियानमा नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक, नायव प्रबन्ध निर्देशकहरु, प्रबन्धकहरु, बरिष्ठ अधिकृतहरु लगायत उपत्यकाभित्रका कार्यालयमा कार्यरत कर्मचारीहरुको सहभागिता रहेको थियो ।

**'क्यान इन्फोटेक २०१८' (माघ ११-१६) भृकुटीमण्डपस्थित नेपाल टेलिकमको स्टल :** कम्पनीले स्टलबाट सहुलियत दरमा आफ्ना सेवाहरु बिक्रीवितरण गर्नुका साथै आगन्तुकहरुलाई कम्पनीका सेवाबारे जानकारी गराएको थियो ।




# वार्षिकोत्सवमा अतिरिक्त क्रियाकलाप



नेपाल टेलिकमले कम्पनीको १४औं वार्षिकोत्सवको अवसरमा खेलकुदलगायत विभिन्न अतिरिक्त क्रियाकलापको आयोजना गऱ्यो । कम्पनीका कर्मचारीहरु सहभागी हुनेगरी बुद्धिचाल, ब्याडमिन्टन, टेबुलटेनिस, दौड र हाजिरी जवाफ प्रतियोगिता आयोजना गरिएको थियो । सो अवसरमा कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित रक्तदान कार्यक्रममा ९२ जनाले रक्तदान गरेका थिए ।




अतिरिक्त क्रियाकलापका विजयी खेलाडीहरुलाई गत माघ २० गते दूरसञ्चार तालिम केन्द्र, बबरमहलमा आयोजित एक कार्यक्रममा प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र अतिरिक्त क्रियाकलाप समितिका संयोजक तथा प्रमुख मानव संसाधन अधिकृत राजुबाबु अर्यालले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

सो अवसरमा प्रबन्ध निर्देशक राजभण्डारीले खेलकुदले स्वस्थ रहन सहयोग पुऱ्याउने र स्वस्थ कर्मचारीले नै कम्पनीको लक्ष्य प्राप्तिमा योगदान दिने भएकाले खेलकुदमा ध्यान दिन आग्रह गर्नुभयो ।

नेपाल टेलिकमले ११औं सार्वजनिक संस्थान खेलकुद प्रतियोगिता अन्तर्गत पुरुष फुटसल प्रतियोगिता तथा महिला डबल्सतर्फ ब्याडमिन्टन र टेबुलटेनिसमा समेत प्रथम स्थान हासिल गरेको छ । कम्पनीका कर्मचारीहरुले सो खेलकुद प्रतियोगितामा कुल १२ पदक प्राप्त गरेका छन् ।

# व्यापार तथा राजस्व सम्बन्धी समीक्षा सम्पन्न

काठमाडौं क्षेत्रीय निर्देशनालय अन्तर्गतका कार्यालयहरुको 'आ. व. २०७४/७५ को व्यापार तथा राजस्व सम्बन्धी समीक्षा' कार्यक्रम सम्पन्न भएको छ ।

गत माघ १४ गते काठमाडौंमा आयोजित समीक्षा कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले कम्पनीको अधिकांश राजस्व काठमाडौं क्षेत्रीय निर्देशनालय अन्तर्गतका कार्यालयबाट उठ्ने भएकाले यो क्षेत्रको जिम्मेवारी अझै बढी भएको बताउनु भएको छ । उहाँले डाटा र भ्वाइस सेवामा कम्पनी अग्रस्थानमा रहेको बताउँदै थप सेवा विस्तार र ग्राहक सन्तुष्टि बृद्धिका लागि सम्पूर्ण कर्मचारी एकजुट भएर कार्य गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा कम्पनीका प्रमुख वित्तीय अधिकृत सूर्यभक्त पोखरेलले प्रगति विवरण प्रस्तुत गर्दै राजस्वको लक्ष्य प्राप्तिका लागि अझ बढी यथार्थपरक र कार्यमूलक रुपमा कार्य गर्न आग्रह गर्नुभयो ।

काठमाडौं क्षेत्रीय निर्देशनालयका निर्देशक रविन्द्र झाले नेटवर्क विस्तार भए मात्र राजस्व बढ्ने भएकाले त्यसै अनुसार कार्य गरिने बताउनु भयो । उहाँले निर्देशनालय अन्तर्गतका कार्यालयहरुले सकारात्मक रुपमा कार्य गरिरहेको भए तापनि लक्ष्यअनुरुप नभएको बताउनु भयो । उहाँले निर्देशनालयले निर्धारण गरेका आगामी योजनाका बारेमा समेत जानकारी दिनुभएको थियो ।

उक्त समीक्षा कार्यक्रममा कम्पनीका नायब प्रबन्ध निर्देशक तथा निर्देशकहरुले आफ्नू अन्तर्गतका निर्देशनालयको प्रगति र आगामी योजनाका बारेमा जानकारी गराउनु भएको थियो ।



नेपाल टेलिकमले आर्थिक वर्ष २०७४/७५ को प्रथम पाँच महिनामा विभिन्न सेवा सुविधाबाट राजस्व संकलन तर्फ वार्षिक लक्ष्यको करिव ३७.५८ प्रतिशत प्रगति हासिल गरी १८ अर्व ४७ करोड आम्दानी गरेको छ । यसैगरी टेलिफोन लाइन वितरणतर्फ वार्षिक लक्ष्यको २३ प्रतिशत लक्ष्य हासिल भएको छ ।

कम्पनीको सेवा विस्तारतर्फ एडीएसएल वितरणमा १२ प्रतिशत लक्ष्य हासिल भएको छ भने जीएसएम पोष्टपेड मोबाइल वितरणमा करिव २५ प्रतिशत, प्रिपेड मोबाइल वितरणमा ३३ प्रतिशत तथा सीडीएमए वितरणमा ३५ प्रतिशत लक्ष्य हासिल भएको छ ।

राजस्व आय अन्तर्गत एडीएसएल तर्फ ३३ प्रतिशत, सीडीएमए सेवा तर्फ ३४ प्रतिशत, जीएसएम सेवा तर्फ ३९ प्रतिशत, पीएसटीएन तर्फ ४३ प्रतिशत, एफटीटीएच तर्फ ५० प्रतिशत, VAS सेवा तर्फ ३६ प्रतिशत, वाइम्याक्स तर्फ २७ प्रतिशत, लिज लाइन तर्फ ४५ प्रतिशत तथा इन्टर कनेक्सन र रोमिङ तर्फ ३३ प्रतिशत लक्ष्य हासिल भएको छ ।

सो अवसरमा काठमाडौं क्षेत्रीय निर्देशनालय अन्तर्गतका दूरसञ्चार कार्यालयका प्रमुखहरुले आ-आफ्नो कार्यालयको व्यापार तथा राजस्व सम्बन्धी प्रगति विवरणहरु प्रस्तुत गर्नुका साथै आफूहरुले भोग्नु परेका विभिन्न कठिनाइहरुका बारेमा जानकारी प्रस्तुत गर्नुभएको थियो ।

(१ पेजको बाँकी)

# टेलिकमको स्प्रिङ ...

## ५. एसएमएस प्याक

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा एसएमएस प्याक प्रयोग गर्न सकिने छ। यो प्याक अन्तर्गत १२ रुपैयाँमा ५ दिनसम्म उपभोग गर्न पाउने गरी ६० वटा एसएमएस र ६० वटा बोनस एसएमएस समेत उपलब्ध गराइएको छ। यसरी १२ रुपैयाँमा १२० वटा एसएमएस गर्न सकिने छ।

## ६. फोरजी डाटा प्याक

फोरजी डाटा प्याक अन्तर्गत १२ रुपैयाँमा ३५ एमबी डाटा ३ दिनका लागि, ५० रुपैयाँमा २२८ एमबी डाटा ७ दिनका लागि र १०० रुपैयाँमा ५७० एमबी डाटा १४ दिनका लागि उपलब्ध हुनेछ। त्यसैगरी २०० रुपैयाँमा १३६८ एमबी, ३०० रुपैयाँमा २२८० एमबी र ५०० रुपैयाँमा ४१०४ एमबी डाटा २८ दिन समयावधिका लागि उपलब्ध हुनेछ।

## ७. अल टाइम भ्वाइस प्याक

जीएसएम तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा कम्पनीकै नेटवर्कभित्र भ्वाइस प्याक अन्तर्गत एक दिनका लागि १० रुपैयाँमा ११ मिनेट भ्वाइस कल प्राप्त हुने व्यवस्था गरिएको छ। त्यसैगरी २५ रुपैयाँमा ३० मिनेटको प्याकेज ३ दिन अवधिका लागि उपलब्ध छ। ५० रुपैयाँमा ५ दिनका लागि ७५ मिनेट, १०० रुपैयाँमा १० दिनका लागि २०० मिनेट, २०० रुपैयाँमा २८ दिनका लागि ४१० मिनेट, ३०० रुपैयाँमा ३० दिनका लागि ६५० मिनेट र ५५० रुपैयाँमा ६० दिनका लागि १२०० मिनेट कल उपलब्ध गराइएको छ। सो कल नेपाल टेलिकमको नेटवर्क भित्रका लागि मात्र उपलब्ध हुनेछ।

## ८. नाइट टाइम भ्वाइस प्याक

नाइट टाइम भ्वाइस प्याक अन्तर्गत १० रुपैयाँमा ३ दिनसम्म ७० मिनेट र २५ रुपैयाँमा ७ दिनसम्म कम्पनीकै नेटवर्कभित्र २५० मिनेट कल गर्न सकिने छ। सो प्याक राती १० बजेदेखि बिहान ६ बजेसम्म मात्र प्रयोग गर्न सकिने छ।

## ९. सीयूजी प्याकेज

कम्पनीले कर्पोरेट ग्राहकहरुका लागि कन्भर्ज सीयूजी (कर्पोरेट युजर ग्रुप) प्याकेज उपलब्ध गराएको छ। हालसम्म जीएसएम पोष्टपेडलाई मात्र यो सुविधा उपलब्ध गराएकोमा अब जीएसएम/सीडीएमएका प्रिपेड/पोष्टपेड सबैमा यो सुविधा उपलब्ध हुनेछ। कर्पोरेट ग्रुपका विभिन्न समूहलाई उपयुक्त हुने गरी ४ सय, ७ सय, १ हजार, १३ सय र १६ सय रुपैयाँको विभिन्न दरका सीयूजी प्याकेजहरु उपलब्ध गराइएको छ। कुनै कर्पोरेट हाउसका कमसेकम १० जना मोबाइल प्रयोगकर्ता यो प्याकेजमा सहभागी हुन सक्ने छन्।

सबैभन्दा सस्तो प्याकेज ४०० रुपैयाँमा उपलब्ध हुनेछ। यस अन्तर्गत सीयूजी ग्रुप भन्दा बाहिर कम्पनीकै नेटवर्कमा १५० मिनेट भ्वाइस कल गर्न तथा ३०० एमबी डाटा चलाउन र ५० वटा एसएमएस पठाउन सकिने छ। त्यसैगरी ७०० रुपैयाँमा ३०० मिनेट भ्वाइस कल गर्न, ८०० एमबी डाटा चलाउन र १०० वटा एसएमएस पठाउन सकिने छ। यो बाहेक १००० रुपैयाँमा ४५० मिनेट भ्वाइस कल गर्न, १५०० एमबी डाटा चलाउन र १५० वटा एसएमएस पठाउन सकिने छ। १३०० रुपैयाँमा ६०० मिनेट भ्वाइस कल गर्न, २१०० एमबी डाटा चलाउन र २०० वटा एसएमएस पठाउन तथा १६०० रुपैयाँमा ७५० मिनेट भ्वाइस कल गर्न, २७०० एमबी डाटा चलाउन र २५० वटा एसएमएस पठाउन सकिने छ। सबै प्याकेजमा रहेका ग्रुप सदस्यहरु बीचमा भने असीमित भ्वाइस कल गर्न सकिने छ।

## १०. इन्डिया आउटगोइङ कल अफर

नेपालबाट भारतमा कल गर्नका लागि अब सस्तो दरको प्याकेज लिन सकिने भएको छ। यसका लागि कम्पनीले डेली प्याक, विक्ली प्याक र मन्थ्ली प्याक गरी तिन प्रकारको प्याक अफर ल्याएको छ। डेली प्याक अन्तर्गत ३५ रुपैयाँमा १५ मिनेट कल गर्न सकिने छ। सो प्याक १ दिनका लागि मात्र उपलब्ध हुनेछ। त्यसैगरी विक्ली प्याक अन्तर्गत १५० रुपैयाँमा ६५ मिनेट र मन्थ्ली प्याक अन्तर्गत ५०० रुपैयाँमा २२५ मिनेट कल गर्न सकिने छ। यी प्याक क्रमशः ७ दिन र एक महिनासम्म प्रयोग गर्न सकिने छ। प्याकबाट प्रतिमिनेट २ रुपैयाँ २२ पैसासम्मको सस्तो दरमा भारतमा कल गर्न सकिने छ।

## ११. इन्टरनेसनल इनकमिङ कलमा बोनस अफर

अब विदेशबाट कल आएमा समेत बोनस कल र एसएमएस उपभोग गर्न सकिने छ। ७ दिनभित्र ७ मिनेट अन्तर्राष्ट्रिय कल रिसिभ गर्ने प्रत्येक ग्राहकले नेपाल टेलिकमको नेटवर्कमा १४ मिनेट फ्रि कल गर्न र १४ वटा फ्रि एसएमएस पठाउन सक्ने छन्। फ्रि कल र फ्रि एसएमएसको प्रयोग भने ३ दिन भित्र गरिसक्नु पर्नेछ।

## १२. एडीएसएल स्पिड स्तरोन्नति र डाटा बोनस

नेपाल टेलिकमले हालसम्म १ एमबीपीएससम्म गतिको एडीएसएल इन्टरनेट उपलब्ध गराइरहेकोमा अब ५ एमबीपीएस सम्मको गतिमा उपलब्ध हुने गरी अपग्रेड गरिएको छ। त्यसैगरी एडीएसएल रिचार्ज गर्दा ग्राहकको जीएसएम वा सीडीएमए मोबाइलमा क्रस-बन्डलिङ डाटा बोनस उपलब्ध गराइने छ। यस अन्तर्गत २ सय रुपैयाँको रिचार्ज गर्दा ३० एमबी अल टाइम र ६० एमबी नाइट डाटा प्रयोग गर्न सकिने छ। त्यसैगरी ५ सय रुपैयाँको रिचार्ज गर्दा ८० एमबी अल टाइम र १६० एमबी नाइट तथा १ हजार रुपैयाँको रिचार्ज गर्दा १७५ एमबी अल टाइम र ३५० एमबी नाइट डाटा प्रयोग गर्न सकिने छ।

## १३. एफटीटीएच सेवामा कर्पोरेट तथा व्यक्तिगत प्याकेज

नेपाल टेलिकमले एफटीटीएच अन्तर्गत व्यक्तिगत ग्राहक र कर्पोरेट ग्राहकका लागि विभिन्न प्याकेजको व्यवस्था गरेको छ। दुवै प्रकारका ग्राहकको लागि ८, १४, ३३, ५५ र १०० एमबीपीएस ब्यान्डविथको प्याकेज उपलब्ध छ।

व्यक्तिगत तर्फ ८ एमबीपीएस गतिको एफटीटीएच प्याकेज अन्तर्गत ३ महिनाका लागि ४५० जिबी, ६ महिनाका लागि ११०० जिबी र १२ महिनाका लागि २४०० जिबी डाटा प्रयोग गर्न सकिने छ। यी प्याकेजको मूल्य क्रमशः रु. ४,२३७५०, ७,७९७- र १३,५६०- छ।

१४ एमबीपीएस गतिको एफटीटीएच प्याकेज अन्तर्गत ३ महिनाका लागि ७०० जीबी, ६ महिनाका लागि १६०० जीबी र १२ महिनाका लागि ३५०० जीबी डाटा प्रयोग गर्न सकिने छ। यी प्याकेजको मूल्य क्रमशः रु. ४,७४६-, ८,८१४- र १५,५९४- छ।

३३ एमबीपीएस गतिको एफटीटीएच प्याकेज अन्तर्गत ३ महिनाका लागि १०५० जीबी, ६ महिनाका लागि २३०० जीबी र १२ महिनाका लागि ५००० जीबी डाटा प्रयोग गर्न सकिने छ। यी प्याकेजको मूल्य क्रमशः रु. ५,२५४।५०, ९,८३१- र १७,६२८- छ।

५५ एमबीपीएस गतिको प्याकेज अन्तर्गत १२ महिनाका लागि ६५०० जिबी डाटा रु. २०,३४०-मा र १०० एमबीपीएस गतिको प्याकेज अन्तर्गत १२ महिनाका लागि ८५०० जीबीको डाटा रु. २५,७६४-मा खरिद गर्न सकिन्छ।

त्यसैगरी कर्पोरेट युजर प्याकेज अन्तर्गत ८ एमबीपीएस गतिको एफटीटीएच प्याकेज ३ महिनाका लागि १६०० जीबी, ६ महिनाका लागि ३६०० जीबी र १२ महिनाका लागि ८००० जीबी डाटा प्रयोग गर्न सकिने छ। यी प्याकेजको मूल्य क्रमशः रु. ८,४७५-, १५,९३३- र २८,४७६- छ।

१४ एमबीपीएस गतिको एफटीटीएच प्याकेज अन्तर्गत ३ महिनाका लागि २२०० जीबी, ६ महिनाका लागि ५००० जीबी र १२ महिनाका लागि ११००० जीबी डाटा प्रयोग गर्न सकिने छ। यी प्याकेजको मूल्य क्रमशः रु. ९,४९२-, १७,९६७- र ३२,५४४- छ।

३३ एमबीपीएस गतिको एफटीटीएच प्याकेज अन्तर्गत ३ महिनाका लागि २८०० जीबी, ६ महिनाका लागि ६४०० जीबी र १२ महिनाका लागि १४००० जीबी डाटा प्रयोग गर्न सकिने छ। यी प्याकेजको मूल्य क्रमशः रु. १०,१७०-, १९,३२३- र ३५,२५६- छ।

५५ एमबीपीएस गतिको प्याकेज अन्तर्गत १२ महिनाका लागि १८००० जीबी डाटा रु. ४०,६८०-मा र १०० एमबीपीएस गतिको प्याकेज अन्तर्गत १२ महिनाका लागि २४००० जीबीको डाटा रु. ५१,५२८-मा खरिद गर्न सकिन्छ।

विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# मा डायल गर्नु पर्ने छ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत पनि यस सम्बन्धी जानकारी लिन सकिन्छ।

*माथि उल्लेख गरिएका सबै दरहरु करसहितका हुन्।*

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@yahoo.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ।
Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**